नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

**परियोजना कार्यान्वयन एकाइ, सुर्खेत**

सूचना नं.: ३

सूचना प्रकाशित मितिः २०८०/११/२४

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, सुर्खेतको चालु आ व ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम योग्यता पुगेका इच्छुक कृषि उधमी/युवा/फर्महरुले तपशिलमा उल्लेखित आवश्यक कागजत सहित यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन भित्र अर्थात (मिति २०८०/१२/२३ गते भित्र) यस कार्यालयमा अनुसूचि-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषक, कृषि उद्यमी | सुर्खेत र दैलेख जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि,२०८० को दफा ६ मा उल्लेख भए बमोजिम । | • प्रति प्रस्ताव बढीमा चार लाख रुपैंया सम्म।<br>• स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप बढिमा दुई किस्तामा शोधभर्ना गरिने। |

निवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी फोटोसहितको परिचयपत्रको प्रतिलिपि)।

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि।

(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिस पत्र।

(७) सम्बन्धित स्थानीय तहको कृषि तथा पशुपन्छी शाखाको सिफारिस पत्र।

२०८०/११/२४

वि. वरिष्ठ कृषि अधिकृत

(८) प्रस्तावित कार्यक्रमको लागि अन्य कुनै संस्थाबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र।

द्रस्टव्य : कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यवबिधि, २०८० तथा कार्यबिधिमा निर्दिष्ट गरिएको प्रस्तावना फारम यस कार्यालयको वेभसाइट https://piusurkhet.pmamp.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारी आवश्यक भएमा निम्न ठेगानामा सम्पर्क गर्नु हुन अनरोध छ।


**सम्पर्क ठेगाना**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, बिरेन्द्रनगर, सुर्खेत।

Website: piusurkhet.pmamp.gov.np

फोन नं ०८३-५२५३२४ (सुर्खेत)

०८९-४११०७८ (दैलेख)


नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाइ बीरेन्द्रनगर, सुर्खेत

२०८०।११।२४

वि. वरिष्ठ कृषि अधिकृत